मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ६३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ चैत ६ गते शुक्रबार ❑ 20 Mar. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## स्वच्छ र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गरेकामा आयोगलाई धन्यवाद: राष्ट्रपति

**रासस**
काठमाडौं, ५ चैत

राष्ट्रपति रामचन्द्र पौडेलले विशिष्ट परिस्थितिमा घोषणा भएको निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय एवं भयरहित वातावरणमा सम्पन्न गरेकामा निर्वाचन आयोगलाई धन्यवाद दिनुभएको छ।



गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको निर्वाचन परिणामसहितको प्रतिवेदन प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ६२ बमोजिम आज बुझ्नुहुँदै उहाँले यस्तो बताउनुभएको आयोगले आज आयोजना गरेको पत्रकार सम्मेलनमा जानकारी गराइएको छ । राष्ट्रपतिसमक्ष प्रतिवेदन पेस गर्नुहुँदै आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचन व्यवस्थापनका सम्बन्धमा सम्पादन गरिएका काम र निर्वाचन परिणामको सारसङ्क्षेप प्रस्तुत गर्नुभयो।

निर्वाचन परिणामअनुसार प्रतिनिधिसभा सदस्यमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ छ वटा राजनीतिक दलका १६४ जना र एक जना स्वतन्त्र उम्मेदवार गरी जम्मा १६५ जना उम्मेदवार निर्वाचित हुनुभएको छ । त्यस्तै समानुपातिक निर्वाचन प्रणालीतर्फ छ वटा राजनीतिक दलका ११० जना उम्मेदवार निर्वाचित हुनुभएको छ । कुल २७५ जना सदस्य रहेको प्रतिनिधिसभामा पुरुष १७९ र महिला ९६ निर्वाचित हुनुभएको छ। समावेशी विवरणअनुसार आदिवासी जनजाति समूहतर्फ २१.०९, खसआर्य समूहतर्फ ४९.०९, थारु समूहतर्फ ३.२७, दलित समूहतर्फ ६.१८, मधेसी समूहतर्फ १६.७३ र मुस्लिम समूहतर्फ ३.६४ प्रतिशत सदस्य निर्वाचित हुनुभएको पत्रकार सम्मेलनमा आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो । एकल चुनाव चिह्न लिई संयुक्त रूपमा निर्वाचनमा भाग लिने प्रयोजनका लागि १२ राजनीतिक दलले पाँच वटा र १०२ राजनीतिक दलले आ-आफ्नो चुनाव चिह्न लिइ निर्वाचनमा भाग लिने गरी जम्मा ११४ दलले १०७ वटा चुनाव चिह्नमा प्रतिनिधिसभा सदस्य निर्वाचनमा भाग लिन दल दर्ता गराएका थिए । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ६१ वटा चुनाव चिह्नमा ६५ राजनीतिक दल र समानुपातिक निर्वाचन प्रणालीतर्फ ५७ वटा निर्वाचन चिह्नमा ६३ राजनीतिक दल निर्वाचनमा सहभागी थिए । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ महिला ३८८, पुरुष तीन हजार १७ र अन्यबाट एक गरी कुल तीन हजार ४०६ जनाको अन्तिम उम्मेदवारी कायम रहेको थियो। त्यस्तै समानुपातिक निर्वाचन प्रणालीतर्फ महिला एक हजार ७७२ र पुरुष एक हजार ३६३ गरी तीन हजार १३५ जना उम्मेदवारको अन्तिम बन्दसूची कायम गरिएको उहाँले बताउनुभयो । निर्वाचनका लागि महिला ९२ लाख ४० हजार १३१, पुरुष ९६ लाख ६३ हजार ३५८ र अन्य २०० गरी कुल १ करोड ८९ लाख ०३ हजार ६८९ मतदाता कायम रहेका थिए। अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका व्यक्तिहरूमध्येबाट मतदाता नामावली ऐन, २०७३ को दफा ३० बमोजिम तयार गरिएको अस्थायी मतदाता नामावलीमा एक लाख ८६ हजार १४२ मतदाता रहेका थिए।

अस्थायी मतदाताहरूलाई प्रतिनिधिसभाको समानुपातिक निर्वाचनतर्फ मतदान गर्ने व्यवस्था मिलाइएको थियो । पहिलो हुने निर्वाचित हुने निर्वाचनमा एक करोड ११ लाख ६८ हजार ३२ मतदान भएकामा एक करोड पाँच लाख ५९ हजार १७ (९४.५५प्रतिशत) मत सदर भएकामा ५.४५ प्रतिशत मत बदर भएको छ । यस्तै समानुपातिकतर्फ एक करोड १२ लाख ८० हजार ८१७ मतदान भएकोमा एक करोड आठ लाख ३५ हजार २५ (९६.०५ प्रतिशत) मत सदर भएकोमा ३.९५ प्रतिशत मत बदर भएको छ। दुवै निर्वाचन प्रणालीतर्फ गरी औसत बदर मतको प्रतिशत ४.७ रहेको आयोगले जनाएको छ।

## कांग्रेस सभापति थापाद्वारा राजीनामा

**रासस**
काठमाडौं, ५ चैत

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले राजीनामा दिनुभएको छ । उहाँले बुधबार पदबाट राजीनामा दिनुभएको पार्टी कार्यालयले जनाएको छ।



गत माघ १ गते सम्पन्न कांग्रेसको विशेष महाधिवेशनबाट उहाँ सभापतिमा सर्वसम्मत निर्वाचित हुनुभएको थियो।

यसअघि काठमाडौं-४ बाट निर्वाचित हुँदै आएका थापा यसपटक सर्लाही-४ बाट उम्मेदवार थिए । उनलाई रास्वपाका डा अमरेशकुमार सिंहले पराजित गरे । रास्वपाले झन्डै दुई तिहाइ सिट प्राप्त गर्दा दोस्रो भएको कांग्रेसले प्रत्यक्षमा १८ र समानुपातिकमा २० गरी ३८ सिट मात्रै प्राप्त गरेको छ। चुनावी नतिजापछि राजीनामाको तयारी गरेका थापालाई पार्टीका विभिन्न तहका नेताहरुले राजीनामा नदिन सुझाव र दबाब दिँदै आएका थिए । थापा निर्वाचनअघि भएको विशेष महाधिवेशनबाट सर्वसम्मत सभापति निर्वाचित भएका थिए । थापाले दिएको राजीनामाबारे पार्टीको आगामी बैठकले निर्णय लिनेछ। केन्द्रीय कार्यसमिति बैठक शुक्रबार बोलाइएको छ।

## लामिछानेको रिटमा महान्यायाधिवक्ताको संशोधित निर्णय झिकाउन आदेश

**रासस**
काठमाडौं, ५ चैत

सर्वोच्च अदालतले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेविरुद्धको सम्पत्ति शुद्धीकरण र सङ्गठित अपराध मुद्दा फिर्ता लिने महान्यायाधिवक्ताको संशोधित निर्णय पेस गर्न आदेश गरेको छ।

न्यायाधीशद्वय सारङ्गा सुवेदी र सुनिलकुमार पोखरेलको संयुक्त इजलासले आज उक्त आदेश गरेको हो । उक्त विवादमा आइतबारदेखि सुनुवाइ सुरू भएको थियो । आदेशमा भनिएको छ, "महान्यायाधिवक्ताको लिखित जवाफ साथ पेस भएको नदेखिँदा सो त्रुटि सच्च्याइएको भनिएको मिति २०८२/१०/०२ को टिप्पणी आदेशको प्रतिलिपि र सोसँग सम्बद्ध अन्य प्रमाण भए सोसमेत प्रत्यर्थी महान्यायाधिवक्ताको कार्यालयबाट झिकाइ यस अदालतबाट मिति २०८२/११/२७ मा भएको आदेशबमोजिम हुनेगरी मिति २०८२/१२/०९/२ मा हेर्न नमिल्ने न्यायाधीशरहित इजलाससमक्ष लगाउका मुद्दासमेत साथै राखी नियमानुसार गर्नु ।" यसअघि, सर्वोच्च अदालतका न्यायाधीशद्वय सपनाप्रधान मल्ल र श्रीकान्त पौडेलको संयुक्त इजलासले सो निवेदनलाई नियमित सुनुवाइका गर्न यही चैत १ गतेका लागि पेस गर्न आदेश दिएको थियो । महान्यायाधिवक्ता सविता भण्डारी बरालले रविविरुद्ध अघिल्लो सरकारको पालामा लगाइएका सम्पत्ति शुद्धीकरण र सङ्गठित अपराधका मुद्दा फिर्ता गर्ने निर्णय गर्नुभएको थियो । सो निर्णयविरूद्ध युवराज पौडेल, वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी र अधिवक्ता आभास रेग्मीले सर्वोच्च अदालतमा छुट्टाछुट्टै रिट निवेदन दायर गर्नुभएको थियो।

## निर्वाचन हुन्छ, कि हुन्न भन्ने अन्योलको वातावरण चिरेर प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न गरायौँ: कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारी

**रासस**
काठमाडौं, ५ चैत

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचन हुन्छ, कि हुन्न भन्ने अन्योलको वातावरण चिरेर निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ सम्पन्न गराएको बताउनुभएको छ।

आयोगले बिहीबार केन्द्रीय कार्यालय बहादुर भवनमा आयोजना गरेको समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचित सांसदलाई प्रमाणपत्र वितरण कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले निर्वाचनको अघिल्लो दिन फागुन २० गते आयोगको मिडिया सेन्टरमा आयोजित पत्रकार सम्मेलनमा पनि अझै निर्वाचन हुन्छ र भन्ने प्रश्नको सामना गरेको स्मरण गर्नुभयो । निर्वाचन हुनैपर्छ भन्ने आयोगको अठोटका कारण नै निर्वाचन गर्न सम्भव भएको र यसका लागि सबै राजनीतिक दल, नागरिक समाज एवं प्रबुद्ध व्यक्तित्वबाट सहयोग प्राप्त भएको कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले बताउनुभयो । "विदेशमा बस्ने नेपालीले मतदान गर्न पाउनुपर्छ, मतदाता नामावली भएको क्षेत्रभन्दा बाहिर रहेकाले मतदान गर्न पाउनुपर्छ जस्ता मागका बीच निर्वाचन हुन्छ कि हुँदैन भन्ने अन्योल थियो, अध्यादेशबाट मतदाता नामावली सङ्कलन गरेर करिब १० लाख युवा मतदाता थप भए, युवा मतदाताले पनि यस पटक उत्साहपूर्ण रूपमा मतदान गरे," उहाँले भन्नुभयो । निर्वाचनमा भाग लिएका विभिन्न राजनीतिक दलका उम्मेदवारले पनि नआत्तीकन र नमात्तीकन भाग लिएकाले पनि निर्वाचन सम्पन्न हुन सकेको कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले बताउनुभयो । अन्योलबीच पनि आयोगले स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित रूपमा निर्वाचन गराउन सफल भएको छ । गत फागुन २१ गते कतै पनि निर्वाचन वातावरण बिथोलिएन। निर्वाचन आचारसंहिता उल्लङ्घन गरेकै कारण कसैलाई पनि कडाइका साथ कारबाही गर्नु नपरेको पनि आयोगले जनाएको छ । यस पटकको निर्वाचनमा कुनै पनि मतदान केन्द्रमा पुनः मतदान गराउनु परेन । स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचन गराउने विश्वका १० वटा देशका निर्वाचन आयोगमध्ये नेपालको आयोग पनि पर्ने जानकारी पनि कार्यक्रममा उहाँले गराउनुभयो । विदेशबाट निर्वाचन पर्यवेक्षकले पनि यो शताब्दीमै स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचन नेपालमा सम्पन्न भएको प्रतिवेदन दिएको पनि कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले कार्यक्रममा जानकारी गराउनुभयो । नवनिर्वाचित सांसदहरूलाई निर्वाचन प्रणाली फेर्न हुने गरेका मागलाई सम्बोधन गर्ने गरी अब बस्ने संसद्को अधिवेशनबाटै निर्वाचन कानुन बनाउन माग गर्नुभयो।

आयोगले अढाई वर्षअघि मस्यौदा गरेर पठाएको निर्वाचन कानुन गृह मन्त्रालयमा अलपत्र अवस्थामा रहेकाले अब बस्ने संसद्को अधिवेशनबाटै त्यसलाई पारित गर्ने गरी काम गर्न पनि कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले नवनिर्वाचित सांसदहरूको ध्यानाकर्षण गराउनुभएको थियो । "फेरि १४ महिनापछि स्थानीय तहको निर्वाचन गर्नुपर्नेछ, त्यसैले अब बस्ने अधिवेशनबाटै निर्वाचन कानुन पारित गरिनुपर्छ, निर्वाचनसम्बन्धी १० वटा कानुन छ, ती सबैलाई एउटै बनाउने गरी तयार भएको मस्यौदालाई अघि बढाइनुपर्छ, १४ महिनापछि स्थानीय तहको निर्वाचन हुँदा त्यसको छ महिनापछि गर्नुपर्ने प्रदेशसभा सदस्य निर्वाचनलाई पनि एकैपटक गरे मितव्ययी निर्वाचन हुन्छ," उहाँले भन्नुभयो । नवनिर्वाचित सांसदबाट नागरिकले धेरै आशा गरेकाले त्यो विश्वासलाई विश्वासघात नगर्ने गरी काम गर्न पनि उहाँले सुझाव दिनुभयो । नवनिर्वाचित सांसदबाट कानुन बनाउन जोस, जाँगरका साथ काम गरेर जनताले खोजेको कानुन बनाउन सक्रियता बढाउन पनि कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले अनुरोध गर्नुभएको थियो । आयोगका सहसचिव एवं समानुपातिक निर्वाचन प्रणालीतर्फका सहायक निर्वाचन अधिकृत यज्ञप्रसाद भट्टराईले ५७ चिह्नमा ६३ दलले यस पटकको समानुपातिक निर्वाचन प्रणालीतर्फ भाग लिएकामा छ दल सांसद निर्वाचित गराउन सफल भएको जानकारी गराउनुभएको थियो।

समानुपातिक निर्वाचनतर्फ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट ५७ सांसद निर्वाचित भएका छन् । यसैगरी, नेपाली कांग्रेसबाट २०, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिवादी) बाट १६, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बाट नौ, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट चार/चार जना सांसद निर्वाचित भएको आयोगले चैत २ गते सोमबार नै घोषणा गरिसकेको थियो । पहिलो हुने निर्वाचित

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरामा खुल्ला नेपाल प्याराग्लाइडिङ च्याम्पियनसिप सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ५ चैत



पोखरामा आजदेखि २१औँ संस्करणको खुल्ला नेपाल प्याराग्लाइडिङ च्याम्पियनसिप सुरु भएको छ । पोखरा-१८ सराङकोटबाट पाइलटहरूले उडान भरी फेवाताल किनारस्थित खपौदीमा अवतरण गर्ने गरी "एक्युरेसी" विधामा प्रतियोगिता विहिबारदेखि सञ्चालन भएको हो ।

प्रतियोगिताको उद्घाटन गर्दै पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले प्याराग्लाइडिङ पोखराको पर्यटनको प्रमुख आकर्षण भएको उल्लेख गर्नुभयो । उहाँले विशेषगरी चिनियाँ पर्यटकहरूका लागि यो साहसिक खेल मुख्य आकर्षणको रूपमा विकास हुँदै गएको बताउँदै यसको दीगो विकास र विस्तारका लागि यस्ता प्रतियोगितालाई निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो । साथै, आवश्यक सुरक्षा व्यवस्थासहित प्रतियोगिता सफलताको कामना गर्दै उक्त प्रतियोगितालाई निरन्तरता दिन आग्रह गर्नुभयो ।

कार्यक्रममा सहभागी मिस नेपाल लुना लुइँटेलले पोखराको प्राकृतिक सौन्दर्यसँगै प्याराग्लाइडिङले पर्यटनलाई थप आकर्षक बनाएको बताउनुभयो। फेवातालमाथि आकाशमा उड्ने अनुभव अविस्मरणीय हुने उहाँको भनाइ थियो । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले पोखराको आकाशमा हुने प्याराग्लाइडिङले विश्वभरका साहसिक पर्यटकलाई आकर्षित गर्ने उल्लेख गर्दै यस्ता प्रतियोगिताले साहसिक खेल पर्यटनको प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउने बताउनुभयो ।

प्राविधिक प्रमुख बिमल अधिकारीका अनुसार बिहीबारदेखि प्रत्येक खेलाडीले दुई चरणमा प्रतिस्पर्धा गर्नेछन्। खपौदीमा अवतरण गर्दा निर्धारित लक्ष्य विन्दुमा वा त्यसको नजिक अवतरण गर्ने खेलाडी नै प्रतिस्पर्धाको मुख्य दाबेदार बन्नेछन् । यसपटकको प्रतियोगिता अन्तर्राष्ट्रिय परिस्थितिका कारण केही प्रभावित बनेको छ । प्रारम्भमा अपेक्षा गरिएकोभन्दा कम खेलाडी सहभागी भए पनि आयोजकले प्रतियोगितालाई व्यवस्थित र सुरक्षित रूपमा सञ्चालन गर्ने तयारी पूरा गरेको आयोजक हवाई खेलकुद संस्था ना का अध्यक्ष अनिल केसीले बताउनु भयो । प्रतियोगितासँगै यस वर्ष व्यावसायिक टेण्डम उडान समेत संगै सञ्चालनमा रहेको प्रपितयोगिताका संयोजक सुनिल भट्टराईले बताउनु भयो । जसले पर्यटन गतिविधिलाई केही हदसम्म चलायमान बनाउने उहाँले विश्वास व्यक्त गर्नुभयो । चैत ७ गतेसम्म सञ्चालन हुने प्रतियोगिताले पोखरालाई अन्तर्राष्ट्रिय साहसिक खेल गन्तव्यका रूपमा थप स्थापित गर्ने अपेक्षा गरिएको महासचिव वलराम आचार्यले बताउनु भयो । प्रतियोगिताको लागि मेडिकल सहित फेवातालमा आवश्यक सुरक्षाको लागि टोली तयारी अबस्थामा रहेको सेफ्टी डाइरेक्टर योगेशबहादुर भट्टराईले बताउनु भयो । प्रतियोगितामा ५ देशका १० महिला सहित ६३ जना सहभागि भएको ना ले जनाएको छ ।

नेपाल पर्यटन बोर्डको प्रबर्द्धनमा भएको प्रतियोगितामा पुरुष र महिलातर्फ एक्युरेसी व्यक्तिगत तथा टिम विधामा प्रतिस्पर्धा हुनेछ । व्यक्तिगततर्फ प्रथम हुने खेलाडीले पुरुष तर्फ १ लाख ५० हजार, द्वितीयले १ लाख र तृतीयले ५० हजार रुपैयाँसहित मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। टिमतर्फ प्रथम हुने टोलीले ७५ हजार, द्वितीयले ५० हजार र तृतीयले २५ हजार रुपैयाँसहित मेडल र प्रमाणपत्र पाउनेछन्। महिला तर्फ विजेता हुनेले ७५ हजार, उपविजेता हुनेले ५० हजार र तेश्रो हुनेले २५ हजार प्राप्त गर्ने भएको ना का प्रथम उपाध्यक्ष खेमराज आचार्यले बताउनु भयो । प्रतियोगिता सम्पन्न गर्न करिब ३० लाख रुपैयाँ खर्च हुने ना ले जनाएको छ ।

# पोखरा ट्रेड मलमा नयाँ नेतृत्व, अध्यक्ष दीपक मुल्मी र प्रबन्ध निर्देशकमा सौगात थापा

**पोखरापत्र संवाददाता**
पोखरा, ५ चैत




पोखराको व्यावसायिक क्षेत्रलाई गतिशील बनाउँदै आएको पोखरा ट्रेड मलमा नयाँ सञ्चालक समिति चयन भएको छ ।

नवगठित समितिले संस्थाको समग्र व्यवस्थापन, सेवा विस्तार तथा ग्राहकमैत्री वातावरण निर्माणलाई प्राथमिकतामा राख्दै काम अघि बढाउने प्रतिबद्धता जनाएको छ । नयाँ सञ्चालक समितिमा अध्यक्षमा दीपक कुमार मुल्मी, प्रबन्ध निर्देशकमा सौगात थापा तथा सदस्यहरूमा सन्तोष कुमार घिमिरे, शिव शर्मा, राम कुमार श्रेष्ठ, नगेन्द्र प्रसाद पोखरेल र हरिश चन्द्र तिवारी चयन भएका छन् । नवनियुक्त अध्यक्ष मुल्मीले पोखरा ट्रेड मललाई अझ व्यवस्थित, आधुनिक र प्रतिस्पर्धी बनाउन आफूहरू प्रतिबद्ध रहेको बताए । "हामीले व्यापार व्यवसायको बदलिँदो प्रवृत्तिलाई ध्यानमा राख्दै मलभित्रका सेवा तथा सुविधालाई थप स्तरोन्नति गर्नेछौं," उनले भने, "ग्राहकको सन्तुष्टि र व्यवसायीको सहजता नै हाम्रो मुख्य लक्ष्य हुनेछ ।"

त्यस्तै, प्रबन्ध निर्देशक थापाले मललाई पोखराको उत्कृष्ट व्यापारिक गन्तव्यको रूपमा विकास गर्ने योजना रहेको उल्लेख गरे । "हामी डिजिटल प्रविधिको प्रयोग, प्रभावकारी व्यवस्थापन प्रणाली र आकर्षक व्यापारिक वातावरण निर्माणमा जोड दिनेछौं," उनले भने, "नयाँ योजनामार्फत ग्राहकको आकर्षण बढाउनुका साथै व्यवसायीहरूलाई पनि थप अवसर सिर्जना गरिनेछ ।"

नवगठित समितिले व्यापार प्रवर्द्धनका लागि विभिन्न कार्यक्रम, छुट योजना तथा सांस्कृतिक गतिविधिहरू सञ्चालन गर्ने तयारी गरेको छ । साथै, मलभित्रको पूर्वाधार सुधार, पार्किङ व्यवस्थापन र सुरक्षालाई अझ सुदृढ बनाउने योजना समेत अघि सारिएको छ । स्थानीय व्यवसायी तथा उपभोक्तामाझ नयाँ समितिले सकारात्मक ऊर्जा थप्ने विश्वास गरिएको छ । पोखरा ट्रेड मललाई अझ सशक्त र आकर्षक व्यापारिक केन्द्रको रूपमा स्थापित गर्ने लक्ष्यसहित नयाँ नेतृत्वले आफ्नो कार्ययोजना अघि बढाएको जनाएको छ ।

# मानसिक स्वास्थ्य सुदृढीकरणमै समावेशी विकासको आधार: मन्त्री थापा

**पोखरापत्र संवाददाता**
पोखरा, ५ चैत



गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले मानसिक स्वास्थ्यलाई आजको समाजको अत्यन्त संवेदनशील र महत्वपूर्ण विषयका रूपमा औंल्याएका छन्। वडा स्तरीय दलित सञ्जाल, पोखरा-९ द्वारा आयोजित "मानसिक स्वास्थ्य प्रवर्द्धनका लागि सचेतनामूलक कार्यक्रम" मा उनले यस्तो बताएका हुन् ।

विशेषगरी दलित समुदायसहित सबै वर्गका नागरिकको मनोसामाजिक सशक्तीकरणका लागि सचेतनामूलक कार्यक्रमहरूको आवश्यकता औंल्याउँदै उनले यस्ता पहलहरूले सकारात्मक सोच, आत्मबल वृद्धि तथा समावेशी विकासमा ठोस योगदान पुऱ्याउने विश्वास व्यक्त गरे । मन्त्री थापाले प्रदेश सरकार भौतिक विकाससँगै मानसिक र नैतिक विकासमा समेत सक्रिय रहेको उल्लेख गर्दै पिछडिएका वर्गको आवाज बुलन्द पार्न लक्षित कार्यक्रमहरू सञ्चालन भइरहेको बताए । उनले प्रदेशमा दलित विधेयक पारित गरी दलित समुदायको हकअधिकार सुनिश्चित गर्ने दिशामा महत्वपूर्ण कदम चालिएको पनि जानकारी दिए। दलित अधिकार संरक्षणमा प्रदेश सरकार गम्भीर रहेको उनको भनाइ थियो । कार्यक्रममा पोखरा महानगरपालिका-९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले समाजबाट विभेद अन्त्य हुनुपर्नेमा जोड दिँदै केवल भाषण होइन, व्यवहारिक काममार्फत परिवर्तन आवश्यक रहेको बताए । मानसिक स्वास्थ्यसम्बन्धी यस्ता कार्यक्रमहरूले समाजलाई सबल र सुदृढ बनाउने उनको धारणा थियो । त्यसैगरी प्रशिक्षक समझना पराजुलीले मानसिक स्वास्थ्य आजको अपरिहार्य आवश्यकता भएको उल्लेख गर्दै सामान्य तनाव व्यवस्थापन गर्न सकिएमा धेरै समस्या समाधान हुन सक्ने बताइन् । गण्डकी प्रदेशको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत एकीकृत सेवा कार्यालय कास्कीको सहयोगमा वडा स्तरीय दलित सञ्जाल, पोखरा-९ द्वारा आयोजित "मानसिक स्वास्थ्य प्रवर्द्धनका लागि सचेतनामूलक कार्यक्रम" को अध्यक्षता सपना विकले गरेकी थिइन् । उनले समाजमा बढ्दो मानसिक समस्यालाई न्यूनीकरण गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको जानकारी दिइन् ।

सामान्य तनावका कारण हुन सक्ने दुर्घटनालाई रोक्ने लक्ष्यसहित कार्यक्रम सञ्चालन गरिएको आयोजकले जनाएको छ ।

# निर्वाचन ...

हुने निर्वाचन प्रणालीतर्फ रास्वपा १२५, कांग्रेस १८, एमाले नौ, नेकपा आठ, श्रम संस्कृति पार्टी तीन, राप्रपा र स्वतन्त्र एक/एक स्थानमा निर्वाचित भएका छन् । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट १६५ र समानुपातिक निर्वाचन प्रणालीतर्फ ११० गरी प्रतिनिधिसभामा कुल २७५ जना सांसद निर्वाचित हुने संवैधानिक व्यवस्था रहेको छ । आयोगले समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचित सांसदलाई प्रमाणपत्र वितरण गरेपछि आजै दिउँसो राष्ट्रपति रामचन्द्र पौडेललाई प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को समग्र प्रतिवेदन बुझाउने भएको छ ।

दिउँसो ४ बजे राष्ट्रपति कार्यालय शीतल निवासमा निर्वाचनको समग्र प्रतिवेदन राष्ट्रपति पौडेललाई बुझाइने जनाइएको छ । निर्वाचन प्रतिवेदन बुझाएसँगै नवनिर्वाचित सांसदको शपथग्रहण र नयाँ सरकार बनाउने प्रक्रिया पनि अघि बढ्ने जनाइएको छ ।

# माछापुच्छ्रे गाउँपालिका अध्यक्ष कप भलिबल चैत्रको ११ देखि हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ५ चैत

माछापुच्छे गाउँपालिका खेलकुद विकास समितिको आयोजनामा माछापुच्छे-४, लाहाचोकमा चौथो माछापुच्छे गाउँपालिका अध्यक्ष कप गण्डकी प्रदेश पालिका स्तरीय पुरुष तथा खुल्ला महिला भलिबल प्रतियोगिता-२०८२ हुने भएको छ ।

माछापुच्छे गाउँपालिका वडा नं-४,लाहाकोको व्यवस्थापन र माछापुच्छे गाउँपालिका भलिबल सङ्कको समन्वयमा चैत्र ११ देखि १४ गते सम्म उक्त प्रतियोगिता लाहाचोक -४,को महेन्द्र मा.बिको खेलमैदान सञ्चालन हुने गाउँपालिका अध्यक्ष मीन बहादुर गुरुङले जानकारी दिए ।

स्थानीय स्तरबाट खेलाडी उत्पादन गर्ने उद्देश्यका साथ आयोजना गर्न लागेको चौथो माछापुच्छे गाउँपालिका अध्यक्ष कप गण्डकी प्रदेश पालिका स्तरीय पुरुष तथा खुल्ला महिला भलिबल प्रतियोगितामा बडी भन्दा बडी सहभागिता जनाउने लक्ष्यका साथ टिम शुल्क निःशुल्क गरिएको माछापुच्छे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत केशव सुवेदीले जानकारी दिए । प्रतियोगितामा पुरुष तर्फ प्रथम पुरस्कार २ लाख, द्धितिय पुरस्कार १ लाख र ट्रफि मेडल रहेको छ । सेमी फाइनलमा उपविजेता दुई टिमलाई नगद रु २५/२५ हजार रहेको छ ।

महिला तर्फ प्रथम पुरस्कार ६० हजार ,द्धितिय पुरस्कार ३० हजार ट्रफि मेडल रहेको छ । सेमी फाइनलमा उपविजेता दुई टिमलाई नगद रु १५/१५ हजार रहेको छ । त्यसैगरी ११ गते हुने पुरुष छेलो तर्फ प्रथम पुरस्कार नगद रु १० हजार ,द्धितिय पुरस्कार नगद रु ५ हजार, तृतीयलाई नगद रु २ हजार र सान्त्वनालाई नगद रु १ हजार रहेको छ । पुरुष छेलो तर्फ पनि निःशुल्क दर्ता गर्न सकिने छ । महिला तथा पुरुष भलिबल प्रतियोगिता सँगै यस वर्ष पुरुष छेलो पनि समावेश गर्ने भएकोले प्रतियोगितामा अझै बडी रौनकता थपिने गाउँ पालिकाकी उपाध्यक्ष सिता अधिकारीले जानकारी दिइन् । माछापुच्छे-४, लाहाचोकका वडा अध्यक्ष मधुसूदन अधिकारीले यो प्रतियोगिताले गाउँपालिका साथै माछापुच्छ्रे-४,लाहाचोकको पर्यटन सँगै खेल क्षेत्रको प्रवर्द्धन गर्न पनि मद्दत मिल्ने विश्वास लिएको बताए । पुरुष तथा महिला भलिबलमा विधागत उत्कृष्ट खेलाडी, उत्कृष्ट स्पाई कर, मिडिल ब्लकर, डिफेन्डर, सेटर सर्भर, उदयमान खेलाडी र प्रशिक्षकलाई पालिकाको लोगो अङ्कित खेलकुद पोसाक पुरस्कार प्रदान गरिने छ । पुरुष भलिबल खेलमा पालिका भित्रको जनसुकै तह र स्तरका खेलाडीहरू समावेश गर्न पाइनेछ । महिला भलिबल खेलमा राष्ट्रिय खेलाडी १ जना समावेश गर्न सकिने माछापुच्छ्रे गाउँपालिका खेलकुद विकास समितिका सदस्य सचिव हुम् बहादुर गुरुङले जानकारी दिए ।

प्रतियोगितामा सहभागी हुन चैत्र १० गते सोमवार दिनको ठिक ३ बजे भित्र टिम दर्ता गरिसक्नुपर्ने पालिबाट सार्वजनिक गरिएको सूचनामा उल्लेख गरिएको छ ।


**मौसमसम्बन्धी सही सूचना प्राप्त गरौं, सुरक्षित भविष्य निर्माण गरौं ।**

- मौसम तथा जलवायुसम्बन्धी सूचना लिने र दिने गरौं,
- मौसम पूर्वानुमानको जानकारी नियमितरूपमा लिऔं,
- प्राकृतिक विपद् जोखिम न्यूनीकरणमा सचेत बनौं,
- जलवायु परिवर्तनका असर घटाउन सामूहिक प्रयास गरौं,
- वन संरक्षण र वृक्षारोपणमा सक्रिय सहभागिता जनाऔं,
- ऊर्जा बचत र स्वच्छ ऊर्जाको प्रयोग बढाऔं,
- वातावरण प्रदूषण नियन्त्रणमा जिम्मेवार बनौं ।

वातावरण संरक्षण गरौं, जीवन रक्षा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# भारी वर्षा र हुरीको सम्भावना

**रासस**
काठमाडौं, ५ चैत

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले भारी वर्षा र हुरीको सम्भावना रहेकाले सचेत रहन आग्रह गरेको छ ।

प्राधिकरणले बिहीबार प्रेस विज्ञप्ति जारी गर्दै जोखिम न्यूनीकरणका लागि सचेत रहन आग्रह गरको हो ।

जल तथा मौसम विज्ञान विभागले आगामी तीन दिनमा कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी तथा हिमाली क्षेत्रमा भारी वर्षा र हिमपात हुने सम्भावना रहेको उल्लेख गरेको छ । साथै, दाङ, नेपालगञ्ज र लुम्बिनी प्रदेशका तराई क्षेत्रहरूमा तीव्र गतिमा हुरी चल्ने पनि अनुमान गरिएको छ । विभागले शनिबारसम्म विराटनगर, धनकुटा र धरान आसपासका जिल्लामा ११९ किलोमिटर प्रतिघण्टासम्मको तीव्र हुरी चल्ने सम्भावना रहेको जनाएको छ । हुरीका कारण रूख ढल्ने, कमजोर संरचना क्षतिग्रस्त हुने तथा विद्युत् र सञ्चार सेवा प्रभावित हुने जोखिम रहेको पनि बताइएको छ । प्राधिकरणका उपसचिव रामबहादुर केसीले प्रभावित क्षेत्रका बासिन्दा र यात्रुलाई अनावश्यक यात्रा नगर्न, घरको इन्धन बन्द गर्न, सुरक्षित स्थानमा बस्न र सवारी साधन सञ्चालन नगर्न विशेष सतर्कता अपनाउन आग्रह गर्नुभयो । साथै, कमजोर संरचना र विद्युत् तार हरूमा जोखिम हुनसक्ने भएकाले विद्युत् उपकरण नचलाउन समेत उहाँको अनुरोध छ ।

विभाग मौसमसम्बन्धी नियमित पूर्वानुमान र सतर्कता जारी गर्दै आएको छ र सबैमा आवश्यक सावधानी अपनाउन अनुरोध गरेको छ ।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।

- कालीदास

## सम्पादकीय

# ग्यास वितरणमा सधैं भद्रगोल

अहिले सहरका चोकहरूमा हरेक वर्ग खाना पकाउने ग्यासको एउटा सिलिन्डरका लागि घण्टौं लाइनमा बस्न विवश छ। त्यसमा पनि सबैभन्दा बढी मार एक सिलिन्डर मात्रै हुनेहरूलाई परेको छ। साढे दुई महिनाअघि काठमाडौं उपत्यकामा मात्रै देखिएको ग्यास अभावले अहिले पूरै देश छोपिसकेको छ। अमेरिका र इजरायलले २८ फेब्रुअरीमा इरानमाथि गरेको संयुक्त सैन्य कारबाहीपछि विश्व भूराजनीति र अर्थतन्त्रमा ठूलो हलचल मच्चिएको छ। मध्यपूर्वमा दिनहुँ बढ्दो तनावले यसको प्रत्यक्ष असर विश्वव्यापी ऊर्जा बजारमा देखिएको छ।

नेपालमा देखिएको ग्यास अभाव मध्यपूर्वको तनाव सुरु हुनुअगावै थियो। अहिले भने सोही तनावले पनि घिउ थप्ने काम गरेको छ। नेपाल इन्धनमा पूर्णरूपमा भारतमा निर्भर छ। भारत पनि अन्य देशमा निर्भर हुँदा ग्यासको समस्या भारतमै देखिइसकेकाले त्यसको त्रासमा नेपाली उपभोक्ता पनि छन्। अहिलेसम्म भारतले नेपालमा ग्यास निर्यात रोकेको छैन। दैनिक रूपमा औसत ४९ हजार टन ग्यासले पुग्नेमा माग बढेसँगै आपूर्ति पनि बढाएको दाबीसहित तथ्यांक आयल निगमले नियमित सार्वजनिक गर्दै आइरहेको छ। यति हुँदाहुँदै ग्यास अभाव समस्या समाधान हुन नसकेपछि निगमले २८ फागुनदेखि आधा सिलिन्डर ग्या वितरण गर्ने निर्णय लागु नै गरिसकेको छ। तर, पनि बजारमा आधा सिलिन्डरकै लागि घण्टौं लाइन लागिरहनुपर्ने बाध्यता हटेको छैन। आधा सिलिन्डर ग्यास नै पाउन सकिएन भन्ने गुनासो उपभोक्ताबाट रोकिएको छैन।

मुलुकमा खाना पकाउने ग्यास हाहाकार हुनु र उपभोक्ताहरू रित्तो सिलिन्डर बोकेर सडकमा लाइन बस्नु कुनै नौलो विषय रहेन। विगत एक दशक हेर्ने हो भने नेपालले दुईवटा ठूला राष्ट्रिय संकटका बेला ग्यासको चरम अभाव झेलेको छ। विशेषगरी अन्तर्राष्ट्रिय सीमामा हुने अवरोध र आन्तरिक बजारमा सिर्जना हुने कृत्रिम अभाव व्यवस्थापन गर्न सरकारले हालसम्म तीन पटक आधा सिलिन्डर ग्यास बिक्री गर्ने निर्णय गरिसकको छ। थोरै परिमाणमा धेरै परिवारलाई ग्यास पुऱ्याउने उद्देश्यले लिइने यस्तो निर्णयले नेपालको ऊर्जा परनिर्भरता र कमजोर भण्डारण क्षमतालाई छर्लंग पार्ने गरेको छ। नयाँ संविधान जारी भएपछि असन्तुष्ट भारतले गरेको नाकाबन्दीका कारण कात्तिक २०७२ मा ग्यास आयात ठप्प प्रायः भयो। त्यसबेला बजारमा ग्यासको चरम हाहाकार मच्चिएपछि नेपाल आयल निगमले पहिलो पटक १४.२ किलोको सिलिन्डरमा आधा अर्थात् ७.१ किलोमात्र ग्यास भरेर वितरण गर्ने निर्णय गरेको थियो।

त्यस्तै दोस्रो पटक २०७६ सालमा कोरोना भाइरस महामारी सुरुवाती चरणमा ग्यासको अर्को संकट देखियो। ११ चैत २०७६ देखि सरकारले देशव्यापी 'लकडाउन' गर्ने तयारी गरेपछि उपभोक्ताले त्रासका कारण ग्यास 'होल्ड' गर्न थाले, जसले गर्दा बजारमा एकाएक अभाव सिर्जना भयो। सोही अभाव सन्तुलनमा ल्याउन निगमले १२ चैत २०७६ देखि पुनः आधा सिलिन्डर ग्यास वितरण गर्ने निर्णय गऱ्यो। करिब तीन सातासम्म ७.१ किलोका सिलिन्डर बिक्री गरिएपछि आपूर्ति सहज भएसँगै ३ वैशाख २०७७ देखि पुनः पूरा सिलिन्डर बिक्री खुला गरिएको थियो।

यी दुई ठूला संकट बाहेक २०६९ सालमा आयल निगमले इन्डियन आयल कर्पोरेसन (आईओसी) लाई भुक्तानी गर्न नसक्दा र विभिन्न समयमा ग्यास उद्योगी तथा ढुवानीकर्ताका आन्दोलनका कारण पनि बजारमा ग्यास अभाव चुलिने गरेको छ। आयातमा पूर्ण परनिर्भर हुनु र मुलुकभित्र पर्याप्त भण्डारण गृह नहुनुले सामान्य अवरोध आउनासाथ नेपाली भान्सा प्रभावित हुन्छ। नियमित ग्यास आपूर्ति भइराख्दा पनि यो हाहाकार ग्यासको वास्तविक अभावले नभई बजारमा अवैध थुप्रिएका अतिरिक्त सिलिन्डर र त्यसलाई नियमन गर्न दशकौंदेखि असफल रहेको नियामक निकाय आयल निगमको चरम उदासीनताको परिणाम हो। २०७२ सालमा भारतले नाकाबन्दी गर्दा संकटको सामना गर्न उपभोक्ताले ग्यास नपाएपछि घरमा सिलिन्डर हुँदाहुँदै नयाँ सिलिन्डर किने। उद्योगीहरूले व्यापार गर्ने बेला नै यही हो भनेर धमाधम सिलिन्डर बजार पठाए। जबजब माग बढी भयो वा संकट आइपऱ्यो, त्यतिबेला समस्या समाधान गर्न भन्दै चाहिनेभन्दा बढी सिलिन्डर बेच्ने र किन्ने क्रम चलिरह्यो। यो क्रम अहिले पनि दोहोरिनु नियामक निकायको कमजोरी हो।स्थानीय तहसंग यकिन तथ्यांक लिएर कार्ड बनाएर वितरण नगर्दा उपभोक्ताले अनावश्यक हैरानी व्यहोर्नुपरेको हो।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : मानसिक तनाब |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : कार्यमा सफलता | धनु | : झमेला बड्ने |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : शुभ यात्रा |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : शारीरिक झमेला | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# लुम्बिनीमा तेस्रो अन्तरराष्ट्रिय शान्ति महोत्सव सुरु

**रासस**

लुम्बिनी, ५ चैत

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री अनिलकुमार सिन्हाले विश्वमा बढ्दो द्वन्द्व र अस्थिरताको बीचमा बुद्धको करुणा, अहिंसा र सहअस्तित्वको सन्देश झनै सान्दर्भिक भएको बताउनुभएको छ।

शान्तिका अग्रदुत भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा आजदेखि सुरु तेस्रो अन्तरराष्ट्रिय लुम्बिनी शान्ति महोत्सवमा उहाँले विश्व शान्तिका लागि लुम्बिनीले पुनःएकपटक आध्यात्मिक केन्द्रको भूमिका निर्वाह गरिरहेको उल्लेख गर्नुभयो। महोत्सव नेपाल पर्यटन बोर्ड र नेपालस्थित चिनियाँ दूतावासको संयुक्त आयोजनामा सुरु भएको हो। "आजको अशान्त विश्वमा भगवान् बुद्धको करुणा र अहिंसाको सन्देश पुनर्जीवित गर्नु अपरिहार्य छ", मन्त्री सिन्हाले भन्नुभयो, "नेपाल आध्यात्मिक पर्यटनको केन्द्रका रूपमा आफ्नो पहिचानलाई अझ सुदृढ बनाउँदै विश्व समुदायसँग सहकार्य गर्न चाहन्छ।" नेपालका लागि चिनियाँ राजदूत चाङ माओमिङले वर्तमान अन्तरराष्ट्रिय परिवेश झन् जटिल र अस्थिर बन्दै गइरहेको सन्दर्भमा शान्ति हरेक मानवको आधारभूत आवश्यकता बनेको उल्लेख गर्नुभयो। उहाँले चीन शान्तिपूर्ण विकासको मार्गमा अघि बढ्दै विश्वका शान्तिप्रेमी राष्ट्रहरूसँग सहकार्य गर्न प्रतिबद्ध रहेको बताउनुभयो। नेपाल-चीनबीचको सांस्कृतिक र आध्यात्मिक सम्बन्धलाई उल्लेख गर्दै उनले लुम्बिनीले विश्व शान्तिको प्रतीकका रूपमा स्थापित भइसकेको धारणा राख्नुभयो। "महोत्सवले दुई देशबीचको ऐतिहासिक मित्रता र बौद्ध सम्बन्धलाई अझ सुदृढ बनाउने विश्वास लिएको छु", उहाँले भन्नुभयो।

नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठले लुम्बिनी सम्पूर्ण मानव सभ्यताको साझा धरोहर भएको उल्लेख गर्दै शान्ति, सहअस्तित्व र मानवताको सन्देशलाई खेलकुदमार्फत विश्वमञ्चमा स्थापित गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको बताउनुभयो। उहाँले अन्तरराष्ट्रिय शान्ति म्याराथनसहित विभिन्न खेलकुद गतिविधिहरूले शान्ति र विकासको सशक्त माध्यमका रूपमा योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो। लुम्बिनी विकास कोषका उपाध्यक्ष ल्यारक्याल लामाले बुद्धको शिक्षालाई केवल विश्वास नभई व्यवहारमा उतार्नुपर्ने आवश्यकता औंल्याउनुभयो। उहाँले ध्यान र साधनाबाट मात्र वास्तविक शान्ति प्राप्त गर्न सकिने उल्लेख गर्दै लुम्बिनी सम्पूर्ण मानव समुदायका लागि खुला आध्यात्मिक केन्द्र भएको बताउनुभयो। महोत्सवअन्तर्गत शुक्रबार मायादेवी मन्दिर परिसरमा विशेष ध्यान (मेडिटेशन) कार्यक्रम आयोजना गरिनेछ भने शनिबार अन्तरराष्ट्रिय शान्ति म्याराथन सञ्चालन हुनेछ। यससँगै सांस्कृतिक प्रस्तुति, आध्यात्मिक प्रवचन तथा अन्तरक्रियात्मक कार्यक्रम पनि समावेश गरिएको छ। लुम्बिनी विकास कोष, नेपाल ओलम्पिक कमिटी, नेपाल पर्यटन बोर्डलगायत विभिन्न सङ्घसंस्थाको सहकार्यमा आयोजना गरिएको महोत्सवले लुम्बिनीलाई विश्व शान्ति र आध्यात्मिक पर्यटनको केन्द्रका रूपमा प्रवर्द्धन गर्ने बोर्डका वरिष्ठ प्रबन्धक सूर्य थपलियाले बताउनुभयो।

# कम्बोडियाबाट २० नेपालीको उद्धार

**रासस**

काठमाडौं, ५ चैत

कम्बोडियामा अनलाइन ठगीलगायत गैर कानुनी काममा लगाइएका र बिना भिसा बसिरहेका २० नेपालीलाई उद्धार गरी स्वेदश फर्काइएको छ।

थाइल्याण्डस्थित नेपाली दूतावासको पहल र कम्बोडिया सरकारको सहयोगमा उद्धार गरी उनीहरूलाई आज स्वदेश फर्काइएको हो। विभिन्न व्यक्तिको प्रलोभनमा परी विभिन्न माध्यमबाट कम्बोडिया पुगेका र त्यहाँ अवैधरूपमा सञ्चालन गरिएका 'अनलाइन स्क्यामिङ' केन्द्र र क्यासिनोहरूमा अनलाइन ठगीमा परेका उनीहरूलाई अन्य गैरकानुनी काममासमेत लगाइएको थियो। कम्बोडियामा नेपाली नागरिकहरू अनलाइन ठगीलगायत गैरकानुनी काममा लगाइएको र बिना भिसा वा भिसा-अवधिभन्दा बढी समय बसिरहेको जानकारी प्राप्त भएको दूतावासले जनाएको छ। स्क्यामिङ केन्द्रहरूमा काम लगाइएकाको राहदानी कम्पनीले जफत गर्ने गरेको वा स्क्यामिङ केन्द्रबाट ट्रान्सफर हुँदा राहदानी हराएको भनी धेरैको गुनासो आएको दूतावासले जनाएको छ। त्यस्तो अवस्थामा नेपाल फर्किनलाई नेपाली राजदूतावास बैंककले उद्धार गर्न बिना शुल्क एकतर्फी यात्रा अनुमतिपत्र जारी गरिदिने गरेको छ। कम्बोडियाको पर्यटनसम्बन्धी तथ्याङ्कअनुसार पछिल्लो समय सन् २०२१ मा १०१ जना नेपाली भ्रमण भिसामा कम्बोडिया गएकोमा सन् २०२२ मा एक हजार ९७७, सन् २०२३ मा दुई हजार ९४०, सन् २०२४ मा छ हजार ४०४ तथा सन् २०२५ मा नौ हजार ६७६ जना नेपाली कम्बोडिया गएको देखिन्छ।


**नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना**

पोखरा महानगरपालिका वडा नं. २२, विश्वकर्मा बराइली वडा नं. २२ निर्माणको लागि मन्दिर पुन निर्माण तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालामा जानकारीका लागी यो सार्वजनिक सूचना जारी गरीएको छ।

**योजनाको नाम** : विश्वकर्मा बराइली मन्दिर पुन: निर्माण

**उपभोक्ता समितिको नाम** : विश्वकर्मा बराइली मन्दिर पुन: निर्माण उपभोक्ता समिति, पोखरा-२२, कास्की

**योजनाको कुल लागत** : रु ६,६७,३३६।५३२

**सम्झौता मिति** : २०८२।८।१४

**योजना शुरु मिति** : २०८२।८।१५

**योजना सम्पन्न मिति** : २०८२।११।१४

**महानगरपालिका कार्यालयबाट** रु. ६,००,०००/-

**जनश्रमदान** : रु. ६७,३३६।५३२

**जम्मा खर्च** : रु. ६,६७,३३६।५३२

**उपभोक्ता समितिका पदाधिकारी**

**अध्यक्ष** : कृष्णबहादुर कामी **उपाध्यक्ष** : मिनबहादुर कामी

**सचिव** : विवश वि.क **कोषाध्यक्ष** : सविता वि.क

**सदस्यहरु** : सरिता विक, रुकमति वि.क र राममाया वि.क

**अनुगमन समिति संयोजक** : वडा सदस्य कृष्णकुमारी पौडेल

**सदस्यहरु** पूर्व अध्यक्ष सुदिप वि.क र टोल विकास संस्थाका अध्यक्ष दिनेश बराल


# गरिमा विकास बैंक शाखाद्वारा विद्यार्थीलाई भ्रमणसँगै वित्तीय साक्षरता प्रदान

**पोखरापत्र संवाददाता**

पोखरा, ५ चैत




सिर्जना बोडिङ स्कुलका ७० जना विद्यार्थीहरूले गरिमा विकास बैंकको लेकसाइड शाखाको अवलोकन भ्रमण गरेका छन्।

यो भ्रमण ग्लोबल मनी वीक २०२६ को अवसरमा आयोजना गरिएको हो। जसको मुख्य उद्देश्य विद्यार्थीहरूमा वित्तीय साक्षरता तथा डिजिटल वित्तीय साक्षरताको अभिवृद्धि गर्नु रहेको थियो। भ्रमणका क्रममा बैंकका अधिकारीहरूले विद्यार्थीहरूलाई बचत, लगानी, बैंकिङ सेवा तथा डिजिटल माध्यमबाट हुने कारोबारबारे जानकारी गराएका थिए। साथै, डिजिटल बैंकिङ प्रयोग गर्दा अपनाउनुपर्ने सावधानीहरूबारे पनि सचेतना प्रदान गरिएको थियो। कार्यक्रममा बैंकका क्षेत्रीय प्रमुख मेघ बहादुर केसी ले डिजिटल ठगी (फ्रड) का विभिन्न प्रकारहरूबारे जानकारी दिँदै त्यसबाट जोगिन अपनाउनुपर्ने उपायहरूबारे प्रकाश पारे। त्यस्तै, शाखा प्रबन्धक सुदिप आचार्यले वित्तीय साक्षरता तथा डिजिटल साक्षरतासम्बन्धी विस्तृत जानकारी प्रदान गरेका थिए। विद्यालयका +२ संयोजक हेमराज तिवारीले बैंकलाई यस्तो अवसर प्रदान गरेकोमा धन्यवाद व्यक्त गर्दै युवापुस्तामा डिजिटल साक्षरता फैलाउन यस्ता कार्यक्रम अत्यन्त महत्वपूर्ण रहेको बताए।

यस्ता किसिमका कार्यक्रमहरूले विद्यार्थीहरूलाई व्यवहारिक ज्ञान दिलाउनुका साथै भविष्यमा जिम्मेवार वित्तीय निर्णय लिन सक्षम बनाउने विश्वास गरिएको छ।

# म्याग्दीको रायखोर र कोटगाउँमा खेलमैदान निर्माण

**पोखरापत्र संवाददाता**

म्याग्दी, ५ चैत

रघुगङ्गा गाउँपालिका-६ रायखोर र कोटगाउँमा बास्केटबल 'कोर्ट' निर्माण भएको छ।

रघुगङ्गा गाउँपालिकामा निर्माण भएको राहुघाट-मङ्गले-चिमखोला र अपर राहुघाट जलविद्युत् आयोजनाको प्रवर्द्धक कम्पनी तुँदी पावर कम्पनीको करिब रु ४० लाख सहयोगमा कोर्ट निर्माण भएको हो।

आयोजनाले प्रभावित क्षेत्रको सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत उपलब्ध गराएको रु २५ लाखबाट रायखोरमा पक्की कोर्ट निर्माण र कोटगाउँको खेलमैदान पुनर्निर्माण गरिएको रघुगङ्गा गाउँपालिका-६ का वडाध्यक्ष मनकुमार शेरपुञ्जाले जानकारी दिनुभयो। रायखोरको खेलमैदान ढलान गरेर पक्की बनाउन रु २५ लाख र कोटगाउँको खेलमैदान पुनर्निर्माणका लागि रु १४ लाख ३९ हजार सहयोग गरिएको थियो।

# ढोरपाटनमा नियन्त्रणमा आउन थाल्यो दादुरा

**पोखरापत्र संवाददाता**

बागलुङ, ५ चैत

बागलुङको ढोरपाटनमा दादुरा सङ्क्रमितको सङ्ख्या घट्न थालेको छ। गत फागुन ८ गते ढोरपाटन नगरपालिका-७, ८ र ९ मा दादुरा सङ्क्रमण फैलिएको थियो। फागुन २९ गतेदेखि यही चैत २ गतेसम्म यस क्षेत्रका बालबालिका तथा किशोरकिशोरीलाई खोप लगाएपछि संक्रमितको सङ्ख्या घट्दै गएको हो।

विश्व स्वास्थ्य सङ्गठन, प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङ र स्थानीय तहका स्वास्थ्यकर्मीको टोलीले सङ्क्रमण नियन्त्रणका लागि प्रभावित क्षेत्रमा पुगेर अध्ययन गरेको थियो। खोप लगाएपछि दैनिक सङ्क्रमित हुनेको सङ्ख्या कम भएको प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका प्रमुख प्रवीण शर्माले जानकारी दिनुभयो। खोप लगाउनुभन्दा पूर्वदैनिक १० देखि १५ दादुराको शङ्कास्पद बिरामी अस्पतालमा आउने गरेकामा अहिले घटेर दैनिक एक/दुई जना मात्रै आउने गरेका छन्। हालसम्म ११ जनामा सङ्क्रमण पुष्टि भएको प्रमुख शर्माले जानकारी दिनुभयो। दादुराको लक्षण देखिएका ३१ जनाको नमूना सङ्कलन गरी काठमाडौँस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाइएको उहाँको भनाइ छ।

प्रमुख शर्माले भन्नुभयो, "खोप लगाएपछि सङ्क्रमति घट्ने अपेक्षा छ, पछिल्लो केही दिन यता दैनिक शङ्कास्पद बिरामी कम भएका छन्, अब केही दिनमा पूर्ण रुपमा सङ्क्रमण नियन्त्रणमा आउने देखिन्छ।"

हालसम्म १० देखि १९ वर्ष उमेर समूहका पाँच हजार ८५० बालबालिका तथा किशोरकिशोरीलाई खोप लगाएको प्रदेश जनस्वास्थ्य कार्यालयका खोप सुपरभाइजर राजु खत्रीले जानकारी दिनुभयो। हालसम्म १३० शङ्कास्पद बिरामी छन्। हाल बुर्तिबाङ अस्पतालमा नौ र बोबाङ स्वास्थ्य चौकीमा ५ जना उपचाररत छन्। अहिलेसम्म ७२ जना उपचारपछि घर फर्किएका छन् भने, १५ जना उपचाररत छन्। पाँच जनालाई पोखरा रेफर गरिएको बुर्तिवाङ अस्पतालले जनाएको छ।

# कक्षाभरि झुसिल्किरा: शिक्षक र विद्यार्थी जीउ कन्याउँदै हैरान

**पोखरापत्र संवाददाता**

गोरखा, ५ चैत

बारपाक सुलिकोट गाउँपालिका-३ खारचोक भञ्ज्याङस्थित अकला आधार भूत विद्यालयका शिक्षक र विद्यार्थी झुसिल्किराका कारण हैरान भएका छन्। कक्षाभरि झुसिल्किरा भइँ दिँदा पठनपाठन प्रभावित भएको छ।

विद्यालयको वरिपरि उतिसको जङ्गल छ। सुक्खा मौसम लागेपछि बिगत एक महिनायता उतिसमा लागेको झुसिल्किरा कक्षा कोठामा आएर बस्न थालेका छन्। शिक्षिका पवित्रा तामाङ भन्नुहुन्छ, "भन्दा सानो कुरा जस्तो लाग्छ, तर वरिपरिको उतिसको जङ्गलबाट आएको झुसिल्किराले कक्षाको भुइँ, डेक्स, बेञ्च, जस्ताको छानो, भित्ता कतै खालि छैन।"

माघको अन्तिम सातादेखि झुसिल्किरा लागेर शिक्षक र विद्यार्थी जीउ कन्याउँदै हैरान भएका छन्। उनीहरुको जीउभरी डाबर उठेको छ। सबैले एलर्जीको औषधी खाँदैआएका छन्। "रातभरि कन्याएर सुत्न सकिँदैन। विद्यार्थीको बिजोग छ", शिक्षिका तामाङले भन्नुभयो। झुसिल्किराको झुस बिझेर बालबालिकाले जीउभरी तेल घसेर आउने गरेका उहाँ बताउनुहुन्छ।

कक्षा १ देखि ३ सम्म पढ्ने विद्यार्थीका लागि ओछ्याएको कार्पेट झुसिल्किराले ढाकेपछि कक्षाकोठाबाट हटाइएको शिक्षिका तामाङको भनाइ छ। विद्यार्थीलाई पुस्तकालयमा लगेर राखिएको उहाँले बताउनुभयो। "हावाहुरी चल्न थालेपछि झुस उड्ेर आँखामा पर्ने डर रहन्छ", उहाँले भन्नुभयो, "समस्या समाधान गरिदिन शिक्षा शाखा र गाउँपालिकाका जनप्रतिनिधिलाई गुनासो गरेका थियौँ। विषादी प्रयोग गर्न हुँदैन भन्ने सुझाव पार्यौं। अवस्था उस्तै छ।"

विद्यालयको समस्याबारे गत फागुन २६ गते बसेको कार्यपालिका बैठकमा कुरा राखेको वडाध्यक्ष बलबहादुर गुरुङ बताउनुहुन्छ। "हामीले वरिपरिको रुख ढालेर समस्या समाधान हुन्छ कि भन्ने सोचेर तीनवटा रुख ढाल्यौं तर त्यसो गर्दा जङ्गलको झुसिल्किरा झन विद्यालयमा आउँदो रहेछ", उहाँले भन्नुभयो, "समस्या घट्नुभन्दा झन बढ्यो। गाउँपालिकाले विषादी प्रयोग गर्नुहुन्न भनेर प्रयोग गर्न दिएन।" समस्या ज्यूँकात्यूँ रहेको वडाध्यक्ष गुरुङले भन्नुभयो। केही दिनयता पानी परेकाले झुस उड्ने समस्या भने केही कम भएको शिक्षिका तामाङको भनाइ छ।

# बागलुङमा एघार सडक धमाधम स्तरोन्नति हुँदै

**पोखरापत्र संवाददाता**
गण्डकी, ५ चैत

बागलुङमा आधा अर्ब लागतमा साना-ठूला ११ सडक आयोजना धमाधम स्तरोन्नति भइरहेका छन् ।

सडक डिभिजन कार्यालयअन्तर्गत रु दुई करोडदेखि २५ करोडसम्मका ११ सडक स्तरोन्नति भइरहेका जिल्ला सडक डिभिजन कार्यालयले जनाएको छ । २०७९ सालमा ठेक्का सम्झौता भएको गलकोट नगरपालिकाको हरिचौर-मल्म-पाण्डवखानी-रमुवा-भिमगिठे-निसीखोला सडक रु २५ करोड लागतमा कालोपत्रका लागि स्तरोन्नति अन्तिम चरणमा पुगेको हो । कार्यालयबाट सञ्चालित सबैभन्दा ठूलो योजनाको रुपमा रहेको उक्त सडकको भौतिक प्रगति ७० प्रतिशत रहेको छ । अन्य १० सडक भने २०८१ यता मात्रै सम्झौता गरेका सडक हुन् । जिल्लाभर सडक डिभिजन कार्यालयमार्फत रु ४९ करोड ५४ लाखका ११ सडकको स्तरोन्नति भइरहेको डिभिजन सडक कार्यालय बागलुङका प्रमुख हरी सुवेदीले जानकारी दिनुभयो । सुवेदीका अनुसार अन्य योजना २०८१ पछिको सम्झौता भए पनि हरिचौर-मल्म-पाण्डवखानी सडक कालोपत्रमा ढिलाइ भइरहेको छ । पाखुते-बायोखोला-झिम्पा-निसी सडकखण्डमा पहिरो पन्छाउने, सडक खन्ने तथा सडक स्तरोन्नतिको काम भइरहेको छ । एक करोड ५८ लाखको लागतमा एमएस इन्द्रेणी जावला जेभीसँग सम्झौता भएर काम भइरहेको छ ।

उक्त सडकको भौतिक प्रगति ५५ प्रतिशत रहेको छ । गलकोट नगरपालिका-१० स्थित रणसिंहकिटेनी दोभानदेखि रामुवा सडकखण्डमा रु एक करोड ३२ लाखमा एमएसकोण्डा सर्वसिद्धी जेभीसँग २०८२ मङ्सिरमा ठेक्का सम्झौता गरी धमाधम स्तरोन्नतिको काम सुरु गरिएको छ । अछेते-मुल्ठाना-सिम सडक स्तरोन्नतिका लागि रु दुई करोड ११ लाखमा ठेक्का सम्झौता गरी काम अघिबढेको छ । हालै सुरु गरिएको उक्त सडकको भौतिक प्रगति ५५ प्रतिशत रहेको छ । फलेवास नगरपालिकाको दुल्लेबैंसी-अमर पुरी-दरौदी-सुन्तलाचौर सडक सुधारका लागि करिब रु दुई करोड ४३ लाखमा धमाधम सडक स्तरोन्नति भइरहेको छ । उक्त सडकको प्रगति ६० प्रतिशत पुगेको छ । उक्त सडक २०८३ असारमा हस्तान्तरण भइसक्नुपर्ने हुन्छ । आदर्श प्रावि डाँडाथरदेखि स्यालपाखा हुँदै भैरवस्थान जोड्ने सडकमा समेत स्तरोन्नतिको काम भइरहेको छ । रु दुई करोड १७ लाख लागतमा उक्त सडकको काम ५४ प्रतिशत सम्पन्न भइसकेको हो । मङ्गलीखोला-धाम्जा-बेलढुङ्गा-म्याग्दी सडक रु दुई करोड २९ लाखमा ठेक्का २०८२ पुसमा सम्झौता गरी सडक स्तरोन्नतिको काम सुरु भएको छ ।

बाङ्गेचौर-उपल्लाचौर सडक सुधारका लागि रु छ करोड ७२ लाखमा २०८१ माघमा सम्झौता गरी स्तरोन्नति भएर कालोपत्रको चरणमा पुगेको छ । उक्त सडक कालोपत्र गर्न ग्राभेल गर्ने तयारी भइरहेको छ । बागलुङ नगरपालिका-३ रात्माटा-कोलको-घुम्ती-रिठाबोट-पाखाथर हुँदै कुँडुले जोड्ने सडकमा रु दुई करोड २५ लाखको लागतमा ५५ प्रतिशत सडक स्तरोन्नति, बागलुङको डोठेतालदेखि राम्तोला सम्मको सडक दुई चरणमा रु पाँच करोड ५० लाखमा स्तरोन्नति भइरहेको छ ।

# जनप्रिय माविमा अभिभावक भेला

**पोखरापत्र संवाददाता**
पोखरा, ५ चैत

जनप्रिय माध्यमिक विद्यालयमा विहीबार अभिभावक भेला सम्पन्न भएको छ ।

विद्यालयको चौतर्फी हित गर्न आयोजित भेलाले विद्यालय व्यवस्थापन समितिमा अभिभावकबाट चयन हुने ३ सदस्य टोली सर्वसम्मत गर्दै भेला सकिएको थियो । भेलाले सरस्वती शाही पोखेल, टंकप्रसाद सुवेदी र देवीप्रसाद त्रिपाठी सदस्यमा चयन भएका छन् । भेलाले शिक्षक अभिभावक संघको अध्यक्षमा केदार धमलालाई चुनेको छ । संघको सदस्यमा रिङ्कु जैसवाल, माया पाण्डे, पानमाया परियार, अनु सिंह, सुशिला श्रेष्ठ, सपना पराजुली र कवितादेवी ढकाल रेग्मीलाई सर्वसम्मत चयन भएको



छनौट समितिका संयोजक शिक्षा अधिकृत रामप्रसाद तिवारीले जानकारी दिए ।

शिक्षा नियमावली २०७४ को नियम २९ बमोजिम आयोजित भेलामा स्वागत गर्दै विद्यालय प्रअ देवीप्रसाद बस्ताकोटीले विद्यलयको विभिन्न गतिविधि प्रस्तुत गरेका थिए । प्रअ वस्ताकोटीले कास्कीको मात्र नभई राष्ट्रलाई योगदान दिन सक्ने शैक्षिक एवं योग्य जनशक्ति उत्पादन गर्न विद्यालयले रचनात्मक शैक्षिक कार्यक्रम ल्याएको बताए । उनले आगामी दिनको विद्यालयको चौतर्फी हित गर्न सवैको हातेमालो आवश्यक पर्ने भन्दै झण्डै १७ सय विद्यार्थी अध्ययन गर्ने जनप्रिय माविलाई शैक्षिक कार्यक्रम मार्फत् नमुना विद्यालय स्थापनामा आफू क्रियाशील भएर लागेको उल्लेख गरे ।

विद्यालयका सहायक प्रअ ऋषिराम अधिकारीले सञ्चालन गरेको सभामा पोखरा महानगर वडा नं ८ का वडाध्यक्ष रुद्रनाथ बरालले विद्यालयको प्रगति र उन्नतीको लागि निरन्तर सहयोग गर्न वडा तयार रहेको बताए । उनले नमुना विद्यालय निर्माण गर्न विद्यार्थीलाई अनुशासित, मर्यादित र सीप युक्त शैक्षिक जनशक्ति उत्पादनमा जोड दिंदै करोडौ रुपैयाँ लागनी गर्न आफू तयार रहेको बताए । आफूले पढेको विद्यालयको हितमा सवै काम गर्न तयार रहेको बताएका बरालले बजेटको कुनै समस्या नहुने ठोकुवा गरेका थिए । विद्यालयको सभाहलमा उल्लेख्य उपस्थित अभिभावकले विभिन्न जिज्ञासा राखेका थिए ।

# म्याग्दीका २४ पर्यटकीय स्थलमा पूर्वाधार निर्माण योजना

**पोखरापत्र संवाददाता**
म्याग्दी, ५ चैत

गण्डकी प्रदेश सरकार मार्फत म्याग्दीमा यस वर्ष २४ पर्यटकीय स्थलमा पूर्वाधार निर्माणका लागि योजना सञ्चालन भएका छन् ।

बेनीमा रहेको एकिकृत सेवा कार्यालय मार्फत सञ्चालित ती योजनाहरूका लागि प्रदेश सरकारले रु. एक करोड ४० लाख बजेट बिनियोजन गरेको छ । तीन वटा योजना सम्पन्न भइसकेका कार्यालयका नायव सुब्बा सुवास सुवेदीले जानकारी दिनुभयो । बाँकी योजनाहरूको सर्वेक्षण, डिजाइन (नक्साङकन), लागत अनुमान तयार, सम्झौता र कार्यान्वयनको चरणमा रहेका छन् । रु. पाँच/पाँच लाख बजेट बिनियोजन भएको बेनपा-९ को ढाडा पधेरा आरोटा, पाखाथर र रघुगंगा गाउँपालिका-३ को गलेश्वर-बगैचा पदमार्ग निर्माण सम्पन्न भएको हो ।

मालिका गाउँपालिका-७ मा प्रभुचेला ध्यानाश्रम, बिम-डाडागाउँ पदमार्गलाई रु. १०/१० लाख, मालिका -३ को लामखोरिया-डाडागाउँ र मालिका-४ को गौखोरे-मतौका पदमार्गलाई रु. छ/छ लाख बिनियोजन भएको छ । रु. पाँच लाख बजेट बिनियोजन भएको अन्नपूर्ण गाउँपालिका-४ को नारच्याङ झरना पर्यटन पूर्वाधार निर्माण योजना पनि सम्पन्न भएको छ । रु. १० लाख बजेट बिनियोजन भएको चिमखोला देखि काली बराह पदमार्ग र रु. आठ लाख बजेट बिनियोजन भएको धवलागिरी गाउँपालिका-४ को खिवाङ-चेचुङ पदमार्ग निर्माणाधिन रहेको छ । रु. पाँच/पाँच लाख बजेट रहेको बेनी नगरपालिकाको बराहपाखो पदमार्ग, लम्भिलडाडा घेराबार र सनातन धार्मिक आश्रम घेराबार तथा उद्यान निर्माण योजना कार्यान्वयनको चरणमा रहेका एकिकृत सेवा कार्यालय म्याग्दीका प्रमुख सम्शेर घर्ती क्षेत्रीले बताउनुभयो ।

मंगला गाउँपालिका-४ को गम्फाधुरी - दापु- छहरा पूर्वाधार, मालिकाको बिम तल्लो गाउँ मान्थान देखि प्रभुचेला पदमार्ग र मालिका धुरी आधुनिक पूर्वाधार योजना कार्यान्वयनको चरणमा छन् ।

रघुगंगा गाउँपालिकाको फुलडाडा पदर्मा, मुलपानी देखि भगवती स्वास्थ्यचौकी जैसिखोर, खइसे धौलागिरी आइसफल पदमार्ग डिपिआर र गायत्री मन्दीर उद्यान निर्माण योजनाको उपभोक्ता समितिसँग सम्झौता भएको छ ।

अन्नपूर्ण गाउँपालिकाको टिकोट -सोबन्ध पदमार्ग, मारका पदमार्ग, चित्रे हुदै घान्द्रुक देउराली पदमार्ग र फगाम-सुवा-दुवारी-मतिचौर पर्यटन पदमार्ग योजना निर्माणाधिन रहेका छन् । पर्यटनतर्फ हालसम्म १६ योजनाहरूको सम्झौता भइसकेको एकिकृत सेवा कार्यालयले जनाएको छ ।

# संविधानको धारा ७६ (१) अनुसारको सरकार गठन हुँदै

**रासस**
काठमाडौं, ५ चैत

गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको अन्तिम मतपरिणाम आइसकेको छ । निर्वाचन आयोगले बिहीबार राष्ट्रपति रामचन्द्र पौडेललाई निर्वाचनको मतपरिणामसहितको प्रतिवेदन बुझाउँदै छ ।

निर्वाचन परिणामसहितको प्रतिवेदन राष्ट्रपतिलाई बुझाएसँगै मुलुक नयाँ सरकार गठनको प्रक्रियामा अघि बढ्नेछ । पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) तर्फ १६५ र समानुपातिक निर्वाचन प्रणालीतर्फ ११० गरी कुल २७५ सदस्यीय प्रतिनिधिसभामा करिब दुई तिहाइ (१८२ सांसद) सांसद राष्ट्रिय स्वतन्त्र पार्टीबाट विजयी हुनुभएको छ । रास्वपाबाट प्रत्यक्षतर्फ १२५ र समानुपातिकतर्फ ५७ सांसद निर्वाचित हुनुभएको छ । नेपाली कांग्रेसबाट ३८, नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट २५, नेपाली कम्युनिष्ट पार्टीबाट १७, श्रम संस्कृति पार्टीबाट सात र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट पाँच तथा एक स्वतन्त्र सांसद निर्वाचित हुनुभएको छ । नेपालको संविधानको धारा, ७६ मा मन्त्रिपरिषद्को गठनसम्बन्धी व्यवस्था छ । धारा, ७६ को उपधारा (१) मा 'राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछ र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुनेछ,' भन्ने उल्लेख छ । राष्ट्रिय स्वतन्त्र पार्टी वरिष्ठ नेता बालेन्द्र साहलाई प्रधानमन्त्रीका रूपमा अघि सारेर निर्वाचनमा होमिएको थियो । प्रधानमन्त्रीमा नियुक्त हुन प्रतिनिधिसभा सदस्य र संसदीय दलको नेता हुनुपर्ने संवैधानिक बाध्यता छ । वरिष्ठ नेता शाहलाई संसदीय दलको नेताका अघि सार्ने रास्वपाको तयारी छ । रास्वपा एक्लैका तर्फबाट संसद्मा झन्डै दुई तिहाइ सांसद रहेकाले संविधानको धारा, ७६ (१) अनुसार संसदीय दलको नेता प्रधानमन्त्रीमा नियुक्त हुने कानुनविद्को भनाइ छ । प्रतिनिधिसभाका ज्येष्ठ सदस्यले राष्ट्रपतिसमक्ष शपथ लिने र ज्येष्ठ सदस्यले सांसदहरूलाई शपथ गराउने कानुनी व्यवस्था छ । "सांसदको शपथपछि संसदीय दलको नेता चयन हुने र त्यसपछि संसद्मा बहुमत प्राप्त संसदीय दलको नेतालाई राष्ट्रपतिले प्रधानमन्त्रीका रूपमा नियुक्त गर्ने संवैधानिक व्यवस्था हो", संवैधानिक कानुनका ज्ञाता डा खिमलाल देवकोटाले रासससँग भन्नुभयो, "त्यसपछि प्रधानमन्त्रीले मन्त्रिपरिषद् विस्तार गर्नुहुन्छ ।" नेपालको संविधान जारी भएपछि पहिलोपटक धारा ७६ को उपधारा (१) अन्तर्गत एकल बमुहमत प्राप्त दलको संसदीय दलको नेता प्रधानमन्त्री नियुक्ति हुन लागेको हो । "एकै दलको बहुमत नआएको अवस्थामा धारा ७६ (२) अनुसार दुई वा दुईभन्दा बढी दलको संयुक्त सरकार गठन हुने प्रयोजनका लागि राष्ट्रपतिले आह्वान गर्ने हो", डा देवकोटाले भन्नुभयो, "अहिले त्यो अवस्थामा जानु परेन, राष्ट्रपतिले ७६ (१) अनुसार बहुमत प्राप्त संसदीय दलका नेतालाई प्रधानमन्त्रीमा नियुक्त गर्ने हो ।" सङ्घीय संसद् सचिवालयले यही चैत १२ गते नवनिर्वाचित सांसदहरूलाई पद तथा गोपनीयताको शपथ गराउने तयारी गरेको छ । संसद् सचिवालयले आजै छवटा राजनीतिक दलका प्रतिनिधिसँग अनौपचारिक छलफल गर्दैछ । छलफलमा सांसदको शपथ, अभिमुखीकरण, संसदीय दलका बारेमा कुराकानी हुनेछ । निर्वाचनको नतिजा प्रकाशन भएको सात दिनभित्र राष्ट्रपतिसमक्ष निर्वाचन आयोगले प्रतिवेदन पेस गर्ने व्यवस्था छ । आयोगले बिहीबार समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचित ११० सांसदलाई निर्वाचित भएको प्रमाणपत्र प्रदान गरेको छ । निर्वाचन सम्पन्न भएको ३० दिनभित्र राष्ट्रपतिले प्रतिनिधिसभाको अधिवेशन आह्वान गर्नुपर्ने कानुनी व्यवस्था रहेको डा देवकोटाले बताउनुभयो । संविधानको धारा, ९३ (१) मा निर्वाचनको अन्तिम परिणाम घोषणा भएको एक महिनाभित्र राष्ट्रपतिले सङ्घीय संसद्को अधिवेशन आह्वान गर्नुपर्ने व्यवस्था छ । उपधारा (१)मा लेखिएको छ, 'राष्ट्रपतिले प्रतिनिधिसभाका लागि भएको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले तीस दिनभित्र सङ्घीय संसद्को अधिवेशन आह्वान गर्नेछ । त्यसपछि यस संविधानबमोजिम राष्ट्रपतिले समयसमयमा दुबै वा कुनै सदनको अधिवेशन आह्वान गर्नेछ ।" संसद्को पहिलो बैठक ज्येष्ठ सदस्यको अध्यक्षतामा बस्ने र सात दिनभित्र सभामुख र उपसभामुखको निर्वाचन प्रक्रिया अघि बढ्नेछ । अबको संसद् बैठक सिंहदरबारस्थित निर्माणाधीन नयाँ संसद् भवनमा बस्नेछ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १८, चिसाखोला चोकदेखि विष्णु तिमिल्सिनाको घरसम्म सडक स्तरोन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः चिसाखोला चोकदेखि विष्णु तिमिल्सिनाको घरसम्म सडक स्तरोन्नती ठेगानाः पोखरा-१८ चिसाखोला

योजना सुरु मितिः २०८२/०९/२२ गते

योजना सम्पन्न हुने मितिः २०८२/१२/२१ गते

योजनाको कुल लागतः रु. ६,६७,०००|-

महानगरपालिकाबाटः रु. ६,००,०००|-

उपभोक्ता समितिबाटः रु. ६७,०००|-

उपभोक्ता समिति अध्यक्षः निर्मला तिमिल्सिना

उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ४ पुरुषः ३ जना

**चिसाखोला चोकदेखि विष्णु तिमिल्सिनाको घरसम्म सडक स्तरोन्नती उपभोक्ता समिति पोखरा-१८**



**गण्डकी प्रदेश सरकार**

**स्वास्थ्य मन्त्रालय**

## मातृशिशु मितेरी प्रादेशिक अस्पताल

**पोखरा, कास्की**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मितिः २०८२/१२/०६ गते)**

प्रस्तुत विषयमा यस अस्पतालबाट विभिन्न मितिमा प्रकाशित सूचना अनुसार यस अस्पताललाई आवश्यक रसायन /केमिकल/ रियेजेन्ट/औषधी तथा सर्जिकल सामाग्री खरिदका लागि बोलपत्र आव्हान गरिएकोमा मूल्याङ्कन गर्दा न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही तपशिल बमोजिमका बोलपत्रदाताहरुले पेश गरेको बोलपत्र स्विकृतीको लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) र ३ प्रयोजनार्थ सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र. सं | बोलपत्र नं | ठेक्काको नाम | छनौट भएको बोलपत्रदाता | कवोल गरेको रकम रु. (मु.अ.कर वाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १. | MMPH/NCB/G/ 01/2082-82/C | Procurement of Lab Chemicals | Unish Surgical Diagnostic Supplier, Pokhara | 9,12,000.00 | |
| २. | MMPH/NCB/G/ 01/2082-82/D | Procurement of Lab Chemicals | Unish Surgical Diagnostic Supplier, Pokhara | 11,00,800.00 | |
| ३. | MMPH/NCB/G/ 01/2082-82/H | Procurement of Lab Chemicals | Unish Surgical Diagnostic Supplier, Pokhara | 8,16,516.00 | |
| ४. | MMPH/NCB/G/ 01/2082-82/I | Procurement of Lab Chemicals | Unish Surgical Diagnostic Supplier, Pokhara | 7,05,600.00 | |
| ५. | MMPH/NCB/G/ 02/2082-82/A | Procurement of Supply of Medicine and Surgical | S.T Pharmaceuticals Pvt. Ltd | 2111921.30 | 173 Items |
| ६. | MMPH/NCB/G/ 02/2082-82/A | Procurement of Supply of Medicine and Surgical | Dhrubatara Medilink Pvt. Ltd | 6027514.41 | 204 Items |
| ७. | MMPH/NCB/G/ 02/2082-82/B | Procurement of Supply of Medicine and Surgical | Dhrubatara Medilink Pvt. Ltd | 155527.30 | 21 Items |
| ८. | MMPH/NCB/G/ 02/2082-82/B | Procurement of Supply of Medicine and Surgical | Surginep Health Concern Pvt. Ltd | 226579.80 | 49 Items |
| ९. | MMPH/NCB/G/ 02/2082-82/B | Procurement of Supply of Medicine and Surgical | Hospital Service Nepal Pvt. Ltd | 244178.00 | 33 Items |

**मेडिकल सुपरिटेन्डेन्ट**